

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५०) काठमाडौं, फागुन२१गते२०५७साल (अतिरिक्ताङ्क६०(ख)

भाग १

शाही सन्देश

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनवादी गणतन्त्र चीनको राजकीय भ्रमण पूरा गरिबक्सी २०५७ साल फागुन २१ गते आइतबार स्वदेश फिरिबक्सँदा देशवासीका नाममा बक्सेको सन्देश

प्यारा देशवासीहरू,

जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति जियाङ जमिनको मैत्रीपूर्ण निमन्त्रणामा चीनको राजकीय भ्रमण पूरा गरी आज स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

यस अवसरमा महामहिम राष्ट्रपति तथा अन्य चिनियाँ नेताहरूसँग आपसी हितलगायत क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयहरूमा भएका विचारको आदान-प्रदानले नेपाल अधिराज्य तथा जनवादी गणतन्त्र चीनबीच रहिआएको सौहार्दपूर्ण सम्बन्धलाई अझै प्रगाढ बनाउन योगदान पुऱ्याउने कुरामा हामी विश्वस्त छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हामीले बेइजिङ्गलगायत हाईनान तथा शाङ्घाईको भ्रमण गरी चीनले विभिन्न क्षेत्रहरूमा गरेको उल्लेखनीय प्रगति र विकासबारे जानकारी हासील गर्ने अवसर पनि पायौं । यसै राजकीय भ्रमणको क्रममा चीन सरकारको निमन्त्रणामा हामीबाट महामहिम राष्ट्रपति जियाङ जमिनले बोआमा उद्घाटन गर्नुभएको फोरम फर एशियाको उद्घाटन समारोहलाई संबोधन गरेका थियौं ।

भ्रमणका क्रममा हामीप्रति दर्शाइएको सम्मान र सद्भावनालाई हामीले नेपाल र नेपाली जनताप्रति चीन सरकार र जनताको मित्रता एवं शुभेच्छाको अभिव्यक्तिका रूपमा लिएका छौं । यसका लागि हामी महामहिम राष्ट्रपति, चिनियाँ सरकार तथा जनताप्रति धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राजप्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हामी धन्यवाद दिन्छौं । साथै आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सबै देशवासीहरूलाई पनि धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बसोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।